# भाषा, संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः कर्णाली प्रदेशमा रहेका भाषा तथा संस्कृतिको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई प्रोत्साहन गर्नका लागि पुरस्कृत गर्ने कार्यलाई सहज, सरल, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "भाषा, संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले भाषा तथा संस्कृतिको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको प्रतिभा छनौट तथा सिफारिस समिति समिति सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालन विधि: (१) मन्त्रालयले कम्तीमा तीस दिने सूचना प्रदेशस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय एवं जिल्लास्थित सामाजिक विकास कार्यालयको वेबसाइट र सूचना पाटीमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ६ बमोजिमको विधा वा क्षेत्रमा योगदान पुऱ्याएका योग्य आवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयको युवा तथा खेलकुद महाशाखामा आवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आवेदकले दफा ६ बमोजिमको क्षेत्र तथा वर्गीकरणको आधारमा क्षेत्र वा विधा छुट्टयाई पुष्ट्याँइ सहित आवेदन दिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको प्राप्त आवेदनलाई सम्बन्धित महाशाखाले संकलन गरी समिति समक्ष पेश गर्नुपर्नेछ।



घनश्याम भण्डारी
मा. मन्त्री

४. प्रोत्साहन गरिने युवाको संख्या: दफा ६ बमोजिमका विधा तथा क्षेत्रका चारवटा विधा तथा क्षेत्रका दुई/दुई जना गरी जम्मा आठ जना युवाहरुलाई प्रोत्साहन तथा पुरस्कार प्रदान गरिनेछ।

५. छनोट समिति: (१) दफा ३ बमोजिम आवेदन प्राप्त भएपछि पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि प्रत्येक विधा वा क्षेत्रबाट दुई/दुई जना स्रष्टाको नाम सिफारिस गर्न एक प्रतिभा छनौट तथा सिफारिस समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ:-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) सचिव, मन्त्रालय | -सदस्य |
| (ग) प्रतिनिधि (अधिकृतस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) कार्यालय प्रमुख, प्रदेश संग्रहालय तथा अभिलेखालय | - सदस्य |
| (ङ) भाषा र साहित्य, संस्कृति, संगीत एवं नाट्य तथा ललितकला गरी चारवटा विधामा कम्तीमा बीस वर्ष योगदान पुऱ्याएका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको चार जना विज्ञ | -सदस्य |
| (च) युवा तथा खेलकुद महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य-सचिव |

(३) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ तथा सम्बन्धित महाशाखाका कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले कर्णाली प्रदेश खर्च मापदण्डको परिधिभित्र रही कार्यक्रमको प्रशासनिक खर्चबाट व्यहोर्ने गरी नियमानुसार बैठक भत्ता प्राप्त गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. विधाको क्षेत्र तथा वर्गीकरण: मन्त्रालयले देहायका मूल विधा र क्षेत्रमा योगदान गरेका स्रस्टामध्येबाट छनौट गर्नुपर्नेछ:-

(क) भाषा एवं साहित्य: काव्य, आख्यान, निबन्ध, नाटक, समालोचना, भाषिक अध्ययन अनुसन्धान,

(ख) संस्कृति: संस्कृति, इतिहास, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र, लोकवार्ता,

(ग) संगीत एवम् नाट्य: नाट्यकला, नृत्यकला, संगीतकला,



घनश्याम भण्डारी
मा. मन्त्री

(घ) ललितकला: मूर्तिकला, चित्रकला, वास्तुकला, हस्तकला, शिल्पकला, लोककला, प्रतिस्थापन कला, अन्य सृजनात्मक कला।

७. <u>पुरस्कार सिफारिसको आधार:</u> दफा ५ बमोजिमको समितिले पुरस्कारको लागि नाम सिफारिस गर्दा अनुसूची-२ मा उल्लिखित मूल्याङ्कनका मापदण्ड तथा देहाय बमोजिमका आधार लिनु पर्नेछ:-

(क) प्रादेशिक प्रतिभा पुरस्कार प्राप्त गर्ने व्यक्तिले कम्तीमा पन्ध्र वर्ष निरन्तर रुपमा सम्बन्धित मूल विधाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको,

तर कुनै विधामा उदाहरणीय एवं अतुलनीय कार्य गरी प्रदेशको गौरवलाई समुन्नत तुल्याउने कार्य गरेको व्यक्तिलाई सम्बन्धित मूल विधाको प्रतिभा छनौट समितिले पुष्ट्याइँका साथ छनौटका लागि सिफारिस गर्न सक्नेछ।

(ख) सम्बन्धित विधाको कृति वा कला वा योगदानको उत्कृष्टता देखिने विवरण,

(ग) प्रतिभा छनौट गर्दा आफ्नो साधना र मौलिक सिर्जनाको माध्यमबाट स्थानीय, प्रदेश, राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरसम्म योगदान पुऱ्याएका र ओझेलमा परेका प्रतिभालाई प्रोत्साहन हुने गरी प्रतिभा छनौट गरिनेछ र समावेशीताका साथै पिछडिएको क्षेत्र, समुदाय, वर्ग आदिलाई प्राथमिकता दिइनेछ।

तर नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सभाका सदस्य र परिषद्का पदाधिकारीले पदमा रहेसम्म पुरस्कारका लागि आवेदन गर्न पाउने छैन।

८. <u>विनियोजित रकमको बाँडफाँट:</u> (१) दफा ५ बमोजिमको समितिले सिफारिस गरेका व्यक्तिलाई जनही रु पचाँस हजार,

(२) उपदफा (१) बमोजिमको पुरस्कार सहित अनुसूची-३ बमोजिमको सम्मानपत्र प्रदान र

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक खर्च बापतको एकमुष्ट रकम रु एकलाख।

९. <u>पुरस्कारको अभिलेख:</u> मन्त्रालयले पुरस्कृत गरेका स्रष्टाको पूर्ण विवरण र प्रकाशित कृति तथा सामग्रीको सूची समावेश गरी अभिलेख राख्नु पर्नेछ र त्यस्तो अभिलेख वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

१०. <u>पुन: सिफारिस नगरिने:</u> यस कार्यविधि बमोजिम एक पटक प्रोत्साहन तथा पुरस्कार प्राप्त गरेको व्यक्तिलाई पाँच वर्षसम्म पुन: प्रोत्साहन तथा पुरस्कारका लागि सिफारिस गरिने छैन।



घनश्याम भण्डारी
मा. मन्त्री

११. <u>दण्ड र सजायः</u> यस कार्यविधि बमोजिम प्रोत्साहन तथा पुरस्कारको लागि कुनै व्यक्तिले गलत कागजात पेश गरेमा, अन्य कसैको सिर्जनालाई आफ्नो मौलिक सिर्जना भनी पेश गरेमा, प्रचलित कानून बमोजिमको प्रतिलिपि अधिकारको उल्लंघन गरेमा सोको जिम्मेवार सम्बन्धित व्यक्ति नै हुनेछ र निजलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१२. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**प्रादेशिक प्रतिभा पुरस्कार सम्बन्धी आवेदनको ढाँचा**

फोटो

१. स्रस्टाको नाम, थर : ..........................................................

सिफारिश गर्ने संस्था वा व्यक्तिको नाम / ठेगाना : ..........................................

उमेर : ..........................................................................

स्थायी ठेगाना: ..........................................................

प्रदेश जिल्ला गा.पा/न.पा: ..........................................................................

सम्पर्क ठेगाना : ..........................................................................................

फोन/मोवाइल नं.:..........................................................................................

ई-मेल:............................................................................................................

२. प्रादेशिक पुरस्कारको मूल विधा

प्रादेशिक प्रतिभा पुरस्कारका लागि (सम्बन्धित विधामा (√) चिन्ह लगाउने)

(क) संस्कृतिः इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र

(ख) संगीत नाट्यः नाट्य, संगीत, नृत्य

(ग) ललितकलाः चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला

(घ) भाषा एवं साहित्यः राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना।

३. सम्वन्धित प्रतिभाले सम्वन्धित विधामा दिएको योगदान

| क्र.सं. | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १. | सम्बन्धित क्षेत्रमा क्रियाशिलताको अवधि | | |
| २. | सम्बन्धित क्षेत्रमा प्रदेशका लागि पुऱ्याएको योगदान (कृति प्रकाशन कला नाटक प्रदर्शनी अध्ययन अनुसन्धान आदि) | | |
| ३. | राष्ट्रिय अन्तराष्ट्रिय पुरस्कार सम्मान आदि | | |
| ४. | शैक्षिक उपाधि | | |
| ५. | अन्य (असाधारण एवम् विलक्षण प्रतिभा, विशिष्टता व्यक्तित्व आदि) | | |
| ६. | समाज, वर्ग, क्षेत्रमा पुऱ्याएको योगदान | | |

४. माथि उल्लिखित मापदण्ड एवं आधार अन्तर्गत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरण:..........................................................................................

घनश्याम भण्डारी
मा. मन्त्री

५. पुरस्कारको लागि दाबी गरिएको कृति/प्रतिभा/सिर्जनाको मूल विशेषता:.....................................

क) कृति

ख) विधा

ग) प्रकाशन गरेको साल

६. संलग्न कागजातहरू: ...........................................................................................

(क) नागरिकताको प्रमाण पत्रको फोटोकपी,

(ख) कर्णाली प्रदेशमा रहेका भाषा तथा संस्कृतिको क्षेत्रमा विशेष योगदान पुऱ्याएको भनी प्रमाणीत गर्ने कागजात।

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

**<u>मूल्याङ्कनको मापदण्ड</u>**

१. संस्कृति

(क) संस्कृतिः बहुभाषिक, बहुसाँस्कृतिक, धर्म निरपेक्ष संस्कृति भएको यस मुलुकको कुनै पनि जातजातिका संस्कृतिमा नयाँ पक्षहरू, यसको संगमस्थल, भौगोलिक र वातावरणीय कारणहरू, नयाँ आयाम, ज्ञानको वृद्धि, पुरानोमा सर्वमान्य नयाँ ढंगको प्रस्तुतिकरण, नेपाल र नेपाली संस्कृतिलाई स्वदेश वा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको हित गरेको, धर्म संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँदै आएको, मूर्त वा अमूर्त संस्कृति र धरोहरहरूको संरक्षणमा मौलिक प्रविधि वा सिद्धान्त खोजी गरी नेपाल वा विश्व समक्ष प्रस्तुत गरेको वा गर्न प्रयासरत वा अनुसन्धान, संरक्षण र प्रकाशनको प्रचार प्रसार गर्ने व्यक्ति।

(ख) पुरातत्वः पुरातत्वको क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी नयाँ योगदान दिने, सम्पदा र प्रमाणहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने, तिनीहरूको व्याख्या गर्ने, पुरातात्विक स्थलहरू पत्ता लगाउने र त्यसलाई देश तथा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको श्रीवृद्धिमा लागेका देशमा पुरातात्विक स्थलहरूको विस्तृत विवरण दिन खोज्ने वा सो कार्यमा महत्वपूर्ण योगदान दिँदै भावी सन्ततिलाई बाटो पहिल्याई दिने व्यक्ति वा संस्था।

(ग) इतिहासः इतिहासमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरू जसले अप्रकाशित अभिलेख, दस्तावेज आदि प्रकाशन गर्ने र सो आधारमा नेपालको इतिहासमा नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वानहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था।

(घ) समाजशास्त्र/मानवशास्त्रः समाजशास्त्र र मानवशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरू जसले नेपाली समाजमा नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वानहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था।

२. सङ्गीत र नाट्य

(क) नाट्यकलाः नाटक, हास्यव्यङ्ग्य, मूकनाटक, गायन, वाद्यवादन, अभिनय आदि विधामा उत्कृष्टता हासिल गरेका अभिनेता, अभिनेत्री, रङ्गकर्मी, नाटक निर्देशन गरेको व्यक्ति वा संस्था।

(ख) नृत्यकलाः नृत्य, नृत्य निर्देशक एवं कोरियोग्राफर आदि क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था।



घनश्याम भण्डारी
मा. मन्त्री

(ग) संगीतकलाः गायक, गायिका, सङ्गीत सृजना गर्ने सङ्गीतकार, वाद्यवादक क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था। सङ्गीत शब्दले शास्त्रीय, परम्परागत, लोक र आधुनिक सङ्गीत, गायन, वादनलाई समेट्नेछ।

३. ललितकला

(क) मूर्तिकलाः यस विधामा अनवरत, उत्कृष्ट एवं सहानीय कार्य गरी राष्ट्रको गौरव बढाउने गरी जुनसुकै माध्यम (धातु, काठ, प्लाष्टर अफ पेरिस, माटो, सिमेन्ट आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न मूर्तिकार।

(ख) चित्रकला यस विधामा आधुनिक अथवा परम्परागत जुनसुकै शैलीमा अनवरत कार्य गरी राष्ट्रको गौरव बढाउने जुनसुकै माध्यम (पौभा, थांका, तेलरंग, पानीरंग, चारकोल मुद्रण चित्रण, मिश्रित माध्यम आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न चित्रकार।

(ग) वास्तुकला, हस्तकला, शिल्पकला, लोककला यस विधामा धातु ढुंगा, काँच, माटो, काठ, कपडा, कागज, छवाली, हाड अथवा कलाकर्मीले स्वयं खोज गरी हातबाट तयार गरिने हस्तकलाका सामग्री आकर्षक एवं अद्वितीय ढंगबाट निर्माण गर्ने प्रतिभा सम्पन्न कलाकर्मी र नेपालको ऐतिहासिक वास्तुकलाको संरक्षण र प्रवर्द्धनमा साधनारत वास्तुकलाको क्षेत्रमा ख्यातिप्राप्त प्रतिभाहरू।

(घ) प्रतिस्थापन कलाः ललितकलाको क्षेत्रमा नयाँ विकास र प्रस्तुति गर्ने प्रतिभा।

(ङ) अन्य सृजनात्मक कला फोटोग्राफी र कला भिडियोग्राफी आदि।

४. भाषा एवं साहित्य

(क) काव्यः कविता, महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदि

(ख) आख्यानः कथा, उपन्यास आदि

(ग) निबन्धः आत्मपरक, वस्तुपरक, नियात्रा, संस्मरण, हास्यव्यङ्ग आदि

(घ) नाटकः पूर्णाङ्की, एकाङ्की, आदि

(ङ) समालोचना

(च) भाषिक अध्ययन अनुसन्धान

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-३
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**<u>सम्मानपत्रको ढाँचा</u>**

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

**सम्मानपत्र**

श्री ......................
............................ ।

कर्णाली प्रदेशमा रहेका भाषा तथा संस्कृतिको क्षेत्रमा तपाईं............................ले पुऱ्याउनु भएको विशेष योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै भाषा, संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार, २०८२ बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रु. ५०,०००/- (अक्षरुपी पचास हजार रूपैंया) सहित यो सम्मानपत्र प्रदान गरिएको छ।

सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| महाशाखा प्रमुख | सचिव | मन्त्री |

घनश्याम भण्डारी
मा. मन्त्री